सुरुङ्गा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ४ | मितिः २०७७।१०।०२

# भाग–१

## सुरुङ्गा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७८

सुरुङ्गा नगरपालिका
मधुपट्टी, सप्तरी
प्रदेश नं २, नेपाल

# सुरुङ्गा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७७

**प्रमाणिकरण मितिः २०७७/१०/०२**

**प्रस्तावना :**

स्थानीय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्दै, संविधान प्रदत्त नागरिकको मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने नगरपालिकाको जिम्मेबारी प्रमुख रही आएको र सो को व्यवस्थापन स्पष्ट कानून व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२, को धारा २२१ अनुसार सोही संविधानको अनूसुची ८ को सूची ९ र १० को अधिकारहरुलाई कार्यन्वयन गर्न तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम सुरुङ्गा नगरपालिकाको छैठौ नगर सभाले यो ऐनबनाएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस ऐनलाई ***सुरुङ्गा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७७*** भनिने छ ।

ख) यो ऐननगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) “ऐन” भन्नाले सुरुङ्गा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७७ लाई सम्झनु पर्छ

(ख) “संघीय”ऐन भन्नाले स्वास्थ्य सम्बन्धि संघीय संसदले बनाएको ऐनलाई बुझनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले सुरुङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “सरकारी वा सामुदायिक” भन्नाले सरकारी तथा समुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) “निजी” भन्नाले सेवा संग संगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) “ट्रष्ट वा लोक कल्याणकारी” भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) “व्यवस्थापन समिति” भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) “अनुगमन समिति” भन्नाले दफा ५ अनुसार नगर पालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) “स्वास्थ्य संस्था” भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य इकाई आदिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** :

संघीय सरकारले तोकेको न्यूनतम आधारभूत स्वास्थ्य सेवाहरु स्थानीयस्तरमा प्रदान गर्न स्वास्थ्य सेवा प्रदायकहरु तीन प्रकारका हुनेछन् ।

(क) सरकारी वा सामुदायिक : सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्बेद तथा प्राकृतिक चिकित्सा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य सेवा केन्द्र, गाउँघर क्लिनिक, आयुर्बेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी तथा सहकारी : निजी तथा सहकारी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ्गहोम, पोलिकिल्नीक वा क्लिनिक, डाईग्नोस्टीक सेन्टर (प्रयोगशाला

र निदानात्मक स्वास्थ्य सेवा प्रदायक संस्था), फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको अधिनस्थ : ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

## ४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधाभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समिति गठन, काम कर्तव्य र अधिकार

(१) स्थानीय नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिने छ। यस समितिको गठन यस प्रकार हुनेछः

(क) नगरपालिकाको नगर प्रमुखः संयोजक

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत: सदस्य

(ग) आमा समुह वा स्वास्थ्य स्वम सेविका, सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना दलित सहित २ जना सदस्य

(घ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिर्वतन हुने गरी कार्यपालिकाले तोकेको १ जना सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा संयोजक वा निजले तोकेको अधिकृत कर्मचारीः सदस्य सचिव

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफनो कार्यक्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई सम्बन्धि योजना, नीति, रणनिती, नियमावली, निर्देशिका तयार गर्ने,

(ख) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था संचालनको लागि अनुमति, स्वीकृत सम्बन्धि नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साघन श्रोत जुटाउन र परिचालन गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

(च) स्वास्थ्य बिशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सुचि अध्यावधिक तथा प्रकाशन गर्न सहजीकरण गर्ने,

(छ) स्वास्थ्य सेवाका पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्तचत हुने रणनिती अवलम्बन गर्ने,

(ज) नगरपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने,

(झ) स्वास्थ्य सेवा प्रदायकहरुको गुणस्तर सुनिश्चितता सम्बन्धि मापदण्ड तयार गरी कार्यन्वन गर्ने,

(ञ) जनगुनासो व्यवस्थापनका लागि उचित प्रबन्ध व्यवस्था गर्ने र

(ट) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार :**

१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी (स्वास्थ्य संस्था व्यवस्थापन समिति) व्यवस्थापनका लागि देहाय बमोजिमका सदस्य रहने गरी हरेको संस्थाको छुट्टा छुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।

(क) सम्बन्धित वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य : अध्यक्ष

(ख) सम्बन्धित वडाको निर्वाचित महिला सदस्य : उपाध्यक्ष

(ग) सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयम् सेविका मध्ये समितिद्वारा मनोनित १ जना : सदस्य

(घ) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक : सदस्य

(ङ) सम्बन्धित वडाको सचिव १ जना : सदस्य

(च) सम्बन्धित वडाको उदधोग बाणीज्य संघ बाट १ जना : सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख : सदस्य सचिव

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका काम, कर्तव्य निम्नानुसार हुनेछ ।

(क) आफनो स्वास्थ्य संस्थाको बार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको सामाधानमा आवश्यक कार्य गर्ने

(ग) बार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कन कार्यक्रम संचालन गर्ने,

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरुको प्रभावकारी अनुगमन गरी परिचालनको लागि सहजीकरण गर्ने,

(ङ) स्वास्थ्य घुम्ती शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने,

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**७. बैंक खाता संचालन :** हरेक संस्थाले बैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको बैक खाता व्यवस्थापन समितिका सम्बन्धित वडाका वडा सचिव र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परिक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धि मापदण्ड

**८. अस्पताल तथा स्वास्थ्य संस्था संचालन सम्बन्धि मापदण्ड :**

(१). अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ सैया सम्म क्षमताको अस्पताल संचालन गर्न सक्ने छ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियामवली तर्जुमा गरि संचालन गर्ने छ ।

(२). स्वास्थ्य चौकी: नगरपालिकाको प्रत्येक वडा को जनसंख्याको अनुपातमा कम्तीमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य संस्था संचालन गर्नु पर्ने छ ।

(क) जनशक्ति स्वास्थ्थ सहायक (हेल्थ असिस्टेन्ट) वा सो सरह १ जना, अ.हे.व. २ जना, अ.न.मी. २ जना, ल्याव असिस्टेन्ट १ जना गरी आवश्यकता अनुसार सहायक वा अन्य कर्मचारीहरु ।

(ख) भवन कोठा : प्रशासन कक्ष, बाहिरंगकक्ष, औषधी भण्डार तथा विवरण कक्ष, प्राथमिक उपचार कक्ष, वर्थिङ्ग सेन्टर भवन, कर्मचारी आवास भवन, महिला र पुरुषको लागि छुटाछुटै शौचालय, पालेघर जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरण : प्राथमिक उपचारका आधारभूत उपकरणहर

(३). नगरपालिका क्षेत्रभित्र जडीबुटि, प्राकृतिक चिकित्सा, योगध्यान लगायतका रोकथाम मुलक र बैकल्पीकचिकित्सा सेवाको प्रर्वधनका लागि समुदाय वा ट्रष्टहरुसंगको साझेदारीमा वा नगरपालिकाका आफैले कम्तीमा एउटा आयुर्बेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्न सक्ने छ ।

## ९. निजी क्षेत्रले अस्पताल संचालन गर्न

(१). नगरपालिका क्षेत्र भित्र निजी तथा सहकारी क्षेत्र तथा ट्रष्ट वा लोक कल्याणकारी संस्था द्धारा अस्पताल संचालन गर्न चाहेमा १५ सैया सम्मको संचालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२). उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागि ढाँचामा नगरपालिकामा निबेदन दिनु पर्ने छ ।

(३). स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निबेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्ने सिफारिस गरिने छ ।

(४). उपदफ (३) को आधारमा नगरपालिकाले तोकिएको मापदण्ड पुरा गरेमा बढिमा १ वर्ष भित्र पूर्वाधार निर्माण सम्पन्न गरी संचालकको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र नगरपालिकाद्धारा गरिने छ ।

(५). तोकिएको समय सिमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीको लागि नगर कार्यपालिकामा निबेदन दिनु पर्ने छ ।

(६). उपदफा (५) बमोजिमको निबेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा एक वर्ष सम्मको लागि अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्ने छ ।

(७). अनुमति र नविकरण दस्तुर सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(८). नविकरणको व्यवस्था : नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## १०. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :

नगरपालिकाको स्वीकृतीमा संचालन हुने न्युन्तम १५ सैया सम्मको अस्पताल संचालनका लागि कम्तीमा २ जना एम.डी., २ जना एम.वि.वि.स. डाक्टर सहित अन्य स्वास्थ्कर्मी सहितको जनशक्ति,

आकश्मीक कक्षको व्यवस्था भएको भवन तथा कोठा र उपकरण तथा पूर्वाधार सम्बन्धी ब्यवस्था र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**११. पोलिक्लिनिक संचालनको अनुमती :**

(१). नगरपालिका भित्र कुनै व्यक्ति वा सस्थाले पोली क्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृत लिनु पर्ने छ ।

(२). पोलीक्लिनिकका लागि प्रवाह गरिने सेवा अनुसारको चिकित्सक तथा अन्य स्वास्थ्य कर्मीको ब्यवस्था गरिएको हुनु पर्ने छ ।

(३). चिकित्सक तथा कर्मचारीको विवरण संचालकको विवरण संचालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण तथा सेवा शुल्क समेत खोली नगरपालिका समक्ष निबेदन दिनु पर्ने छ ।

(४). अन्य ब्यवस्थामा नेपाल सरकार स्वास्थ्य मन्त्रालय वा नगरपालिकाले तोकेको निर्देशिकाको मापदण्ड अनुरुप हुनु पर्दछ ।

(५). निबेदन प्राप्त भए पछि अनुगमन गरि नगरपालिकाले अनुमति दिन सक्ने छ

**१२. प्रयोगशाला वा ल्यावोरेटोरी संचालन :**

व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्ने चाहेमा देहाय बमोजिम को विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ

(१) संचालकको विवरण र नागरिकताको प्रमाण पत्र

(२) प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) प्याथोलोजी बिषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाण पत्र र काम गर्ने भएको सम्झौतापत्र

(४). ल्यावमा उपलब्ध हुने परीक्षणको प्रकार

(५). ल्यावमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

**१३. प्राथमिक उपचार क्लिनिक संचालन :**

कुनै व्यक्ति वा कुनै संस्थाले प्राथमिक उपचार क्लिनिक संचालन गर्ने चाहेमा देहाय बमोजिम को विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाण पत्र

(२) प्राथमिक उपचार क्लिनिक संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) अ.हे.ब, एच ए तथा अनमी वा स्टाफनर्स अध्ययन गरेको व्यक्तिको प्रमाण पत्र र काम गर्ने भएको सम्झौतापत्र

(४). प्राथमिक उपचारमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण ।

**१४. फार्मेसी संचालनको अनुमती :**

कुनै ब्यक्ति वा संस्थाले नगरपालिका क्षेत्र भित्र फार्मेसी संचालन गर्न चाहेमा नगरपालिकाबाट अनुमती लिनु पर्ने छ ।

(१). औषधि ब्यवस्था बिभागबाट प्राप्त अनुमति सहित आधारभूत फार्मेसी शिक्षा वा फार्मेसी विषय लिएर कम से कम प्रविणता प्रमाणपत्र तह वा सो भन्दा बढि शिक्षा प्राप्त व्यक्ति संचालक रहने गरी फार्मेसी संचालन स्थान विक्री विवरण गर्ने ओषधीको प्रकारहरुको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(२). फार्मेसी संचालनमा रहने मूख्य संचालक र साहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाणपत्र नागरिकता हालको बसोबास ठेगान प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस आबेदन साथ पेश गर्नु पर्ने ।

(३). प्राप्त विवरण सहितको आबेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्ने छ ।

**१५. मापदण्ड पुरा नगरेमा सजाय हुने :**

(१). स्वास्थ्य संस्था प्रयोगशाला फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती दिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थाई रुपमा मापदण्ड पुरा नगरेको पाएमा अनुगमन समितिले जुनसुकै बखत अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने वा स्वीकृती खारेजको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२). प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेक कुनै व्यक्तिले रगत, दिसापिसाव, खकार लगायतको परीक्षणमा संलग्न भएको पाएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, संचालकलाई कालो सूचीमा राखी स्वीकृती खारेजको लागि नगरपालिकामा सिफारिस गर्ने र सोको जानकारी आम जनतालाई दिने ।

(३). फार्मेसीको हकमा दर्ता वाला संचालक र सहयोगी बाहेक फार्मेसीको प्रमाणपत्र नभएको व्यक्ति अरुले औषधी बेचेको पाएमा सचेत गराउने, जरीवाना तिराउने देखि अनुमती खारेज गर्न सकिने । यस सम्बन्धी जरिवाना तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. सहुलियत र छुटको व्यवस्था गर्नु पर्ने :**

(१) निजी लगानी र ट्रष्ट मार्फत संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परीक्षणको क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफरिसमा निश्चित प्रतिशत सेवा ग्राहीहरुको लागि छुट वा मिनाहा दिनु पर्ने छ ।

(२) छुट वा मिन्हा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयं सेवा सम्बन्धी व्यवस्था

**१७. स्वास्थ्यकर्मीहरुको व्यवस्थापन :**

नगरपालिकाका भित्रका समुदायिक स्वास्थ्य संस्थाहरु मर्फत आधाभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वस्थ्यकर्मीहरु रहने छ ।

(१) स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएको स्वास्थ्यकर्मीहरु तथा स्थानिय, प्रदेश तथा संघीय आयोगबाट सिफारिस भइ आएका कर्मचारीहरु तथा अन्य सार्वजनिक निकायबाट सरुवा भइ आएका स्थायि कर्मचारीहरु

(२) करार : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएक स्वास्थ्य कर्मीहरु

(३) अभ्यासकर्ता : स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थामा अध्ययनरत विधार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रबृतिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विधार्थीहरुलाई अभ्यास कर्ता स्वास्थ्य कर्मीहरुको रुपमा नगरपालिकाले भर्ना गर्ने सक्ने छ । यस्ता अभ्यास कर्तालाई बढीमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ ।

(४) स्वास्थ्य अभियान कर्ता र स्वयम् सेविका

**१८. अभियान कर्ता/स्वास्थ्य स्वय सेविकाको व्यवस्थापन :**

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्याउने र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियान कर्ता र महिला स्वास्थ्य स्वयम सेविकाहरु नियुक्ति गर्न सक्ने छ ।

(१) महिला स्वयम सेविका र पुरुष स्वास्थ्य अभियान कर्ता नियुक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेका शैक्षिक योग्यता न्यूनतम एस.ई.ई. वा सो सरह अध्ययन गरेको । सम्बन्धित वडाको विवाहित नागरिक हुनु पर्ने छ ।कार्यरतको हकमा यो नियम लागु हुने छैन ।

(२) एउटा वडामा अधिकतम १० भन्दा नबढने गरी औषत प्रति ३०० जनाको लागी एक जना महिला स्वास्थ्य स्वयम सेविका र ५०० जनाको संख्याको लागी १ जना पुरुष स्वास्थ्य अभियान कर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्न सक्नेछ ।

(३) प्रत्यके स्वयम सेविका र अभियान कर्ताहरुले आधाभूत स्वास्थ्य सम्बन्धि ७ दिनको तालिम प्राप्त गरेको हुनु पर्छ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गरिने छ ।

(४) यस भन्दा पहिले देखि नै कार्यरत महिला स्वास्थ्य स्वयम सेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरी विदाई गरिने छ र नयाँ नियुक्ति गर्दा कम्तीमा एस.ई.ई. उर्तिण, कम्प्यूटर सम्बन्धी ज्ञान भएकालाई मात्र नियुक्ती दिइनेछ ।

(५) उपदफ (४) बमोजिम नयाँ भर्नाको लागि मापदण्ड र छनौट समिति तोकिए बमोजिम हुनेछ ।

## १९. स्वास्थ्यकर्मीको सेवा सुविधा :

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब र भत्ता तथा स्थानीय नगरपालिकाले तोकेको बमोजिम अन्य सुविधा प्राप्त गर्नेछन्।

(२) करार स्वास्थ्यकर्मी : दुई पक्ष बीचको समझदारीमा भएको करार सम्झौता बमोजिम सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केल को दुई तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियान कर्ता स्वयम सेविका : पोषाक बार्षिक रुपमा एक पटक चैत्र मसान्तमा र संचार तथा पारिश्रमिक संझौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

## २०. स्वास्थ्यकर्मीको दरबन्दी निर्धारण र नियुक्ति :

(१) सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थयकर्मीहरुको दरबन्दी नगरपालिकाले निर्धारण गर्ने छ ।

(२) दरबन्दी अनुसारका पदहरुमा दफा (१७) र (१८) बमोजिमको कर्मचारीहरु नियुक्त हुनेछ

(३) स्वास्थ्य संस्थाहरुमा कायम भएका रिक्त दरबन्दी पदमा करार नियुक्ती गर्नु पर्ने भएमा करार नियुक्ती सम्बन्धी व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ।

(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत संयोजक ।

(ख) नगरपालिकाले तोकेको अधिकृत स्तरको एक जना विज्ञ सदस्य ।

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिब ।

(४) छनौट समितिले आफनो कार्यबिधी आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## २१. स्वास्थ्यकर्मीको सरुवा तथा पदस्थापन :

(१) नगरपालिका अन्तरगत सिफारिस भई आएका तथा समायोजन भएका स्वास्थ्यकर्मीहरु लाई नगरपालिकाले अवश्यकता अनुसार पदस्थापन गर्नेछ ।

(२) स्वास्थ्यकर्मीको हकमा सामान्यतया कुनै एक स्वास्थ्य संस्थामा २ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनेछ । विशेष परिस्थिती बाहेक न्युनतम १ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(३) बिशेष अबस्थमा बाहेक न्युनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाको लागि निबेदन दिन सक्ने छ । यसरी प्राप्त निबेदनका आधारमा नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाको

सिफारिसमा नगरपालिकाले आफनो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(४) बिशेष अबस्था भन्नाले निज सो संस्थामा रहने नसक्ने, बिषयगत दरबन्दी आवश्यक नरहेको स्वास्थ्य समस्या, पति पत्नी संगै रही सेवा गर्न पाउने अबस्था, स्वास्थ्य संस्थाको लागि सेवा आवश्यक भएको अवस्था र अन्य चित बुझदो कारण समेत बुझिने छ ।

(५) यस बाहेक आबश्यकता अनुसार कुनै स्वास्थ्यकर्मीलाई नगरपालिकाले पालिका अन्तर्गतको जुनसुकै स्वास्थ्य संस्थामा कामकाज गर्नका लागि खटाउन सक्ने छ ।

(६) साथै नगरपालिकाले आपसी समन्वयमा अन्य पालिकाको कुनै स्वास्थ्य संस्थामा कामकाज गर्नका लागि खटाउन सक्ने छ ।

(७) नगरपालिकाले स्वास्थ्यकर्मीको पदस्थापन गर्दा जेष्ठताको आधारमा पदस्थापन गरि जिम्मेवारी तोक्नेछ ।

२२. **कार्यसम्पादन करार सम्झौता गर्नु पर्ने :**

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्य सम्पादन करार सम्झौताको प्रक्रिया अबलम्बन गर्नु पर्ने छ ।

(१) नगरपालिकाका प्रमुखको रोहबरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृत संग उक्त अधिकृतले स्वास्थ्य संस्थाको प्रमुख संग र प्रमुखले अन्य कर्मचारीहरु संग तोकेको ढाचाँमा कार्य सम्पादन करार सम्झौता गर्नु पर्ने छ ।

(२) कार्यसम्पादनकरार सम्झौता १ बर्षको हुने छ।सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३. बार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमनसमितिले तयार पारी नगर कार्य पालिकामा पेश गर्नु पर्ने छ ।

२३. **कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार :**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्यांकन गरी कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्य सम्पादन सम्झौताको मूल्यांकन पुरस्कार र सजाय नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५

## औषधी तथा स्वास्थ्य उपकरण खरिद भण्डारण वितरण सम्बन्धी व्यवस्था

२४. **बार्षिक खरिद योजना बनाउनु पर्ने :**

(१) आफनो क्षेत्र भित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यको उपकरणको अनुमान र खरिद गर्ने बार्षिक खरिद योजना बनाई स्वीकृती गराउनु पर्ने छ ।

(२) बार्षिक खरिद योजना र व्यवस्था तथा सरसफाई शाखाको सहयोगमा खरिद इकाईले तयार पार्ने छ।

२५. **औषधी तथा स्वास्थ्य उपकरण खरिद :**

(१) औषधी तथा स्वास्थ्य उपकरण खरिदका लागि नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजानिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियामावली २०६४ र बिषयगत स्थानीय कानूनको प्रावधान अनुसार गर्नु पर्नेछ ।

२६. **औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१). खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणका सुरक्षित भण्डारको व्यवस्था नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२). स्वास्थ्य उपकरण र औषधीको खरिद समान्यतय चौमासिक रुपमा गर्नु पर्ने छ । खरिदको परिमाण निर्धारण सम्बन्धीत स्वास्थ्य संस्थाले माग गरे बमोजिम २० प्रतिशत नबढाई कन गर्नु पर्नेछ ।

(३). नगरपालिकाले खदिर गरेको उपकरण र औषधी सम्बन्धी विवरण कुल परिमाण र मूल्य खरिद मितिको एक हप्ता भित्र सार्वजानिक गर्नु पर्ने छ

(४). सम्बन्धीत समुदाय स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धीत बिस्तृत विवरण चौमासिक रुपमा सार्वजानिक रुपमा गर्ने र सम्बन्धीत वडा समितिमार्फत नगरपालिकामा बुझाउनु पर्ने छ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य, गुणस्तर, सामाजिक सुरक्षा तथा अनुगमन सम्बन्धि व्यवस्था

### २७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तरीय तोक्न सक्ने :

(१) नगरपालिकाले स्थानीय स्तरमा संचालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभए को अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

### २८. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन :

(१) नगरपालिकाले राष्ट्रिय र प्रदेशिक निती अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानका कार्यहरु संचालन तथा व्यवस्थापन गर्ने छ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरी संचालन, व्यवस्थापन गर्नेछ ।

**२९. सरसफाई र स्वच्छताको लागि अनुगमन तथा नियमन :**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुमगन समितिले आवश्यक व्यवस्था मिलाउनु पर्ने छ ।

(२)जनस्वास्थमा प्रतिकुल असर पुर्यपउने प्रदुषण बढाउने उघोग संस्था वा व्यक्तिलाई सो सम्बन्धी

सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षति पूर्ति गराउन सिफारिस गराउन सक्नेछ ।

(३) सिफारिस बमोजिम नगरकार्यपालिकाले दण्ड जरिवाना तथा अन्य कारबाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ

## परिच्छेद ७
## अभिलेख व्यवस्थापन

**३०. रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयम सेविकालाई टिपोट गराउनु पर्ने छ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयम सेविकालाई टिपोट गराउनु पर्ने छ ।

(३) टिपोट गराएका रोगीहरुको विवरण सम्बन्धि स्वास्थ्य संस्थाहरुले् मासिक रुपमा स्वास्थ्य व्यवस्थापन समिति र नगरपालिकाको सूचना प्रणालीमा दाखिला गराउनु पर्ने छ ।

## ३१. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नु पर्ने :

(१) स्थानीय स्तरमा रोगको माहामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निक्यौल गरी विधालयहरु बन्द गर्ने, अस्थायी रुपमाबस्ती खाली गर्न वा अन्य सर्वसाधरणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थीतिमा माहाबारी बाट थप क्षति हुन नदिन आवश्यक शर्तकता अपनाउने,आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नु पर्नेछ ।

## ३२. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः

(१) सुर्ती, मदिरा तथा सुर्तीजन्य पर्दाथ विक्री वितरणको लागि नगरपालिकाबाट छुटै अनुमति लिनु पर्ने छ ।

(२) खाधपदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिरा जन्य पदार्थ विक्री वितरण गर्न पाइनेछैन ।

(३) सुर्ती, मदिरा र सुर्तीजन्य लागु पदार्थहरु विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्ने छ । विधालय सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी घुम्रपान र मदिरा पान निषेध गरिनेछ ।

(४) खाध पदार्थ संगै सुर्ति तथा मदिरा जन्य पदार्थ विक्रि वितरण गरेमा निषेधित क्षेत्रमा घ्रुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगर पालिकाले कारबाही गर्न सक्ने छ ।

## ३३. सरसफाई सम्बन्धी कार्यक्रम तथा फोहो मैला व्यवस्थापन :

(१) नगरपालिका स्वस्थ्य तथा सरसफाई शाखाले नगरको व्यक्तिगत घरेलु तथा समुदायिक सरसफाईका मापदण्ड तयार गर्नु गराउनु पर्ने छ ।

(२) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधी र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।

(३) एक परिवारको शौचालय ढल र फोहोर मैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षती पूर्ति हानी पुर्याउने परिवारले तिर्नु पर्नेछ ।

(४) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहोर मैला प्रयोग गरी कमपोष्ट मल बनाएको अबस्थामा नगरपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ८
## विविध

**३४. प्राईभेट मेडिकल, कलेज अध्ययन संस्थान र ठूला अस्पताल संचालनका लागि सिफारिस :**

(१). राष्ट्रिय र प्रदेशिक मापदण्ड अनुरुप निजी स्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापना को लागि सम्बन्धीत वडा र नगर पालिकाबाट सिफारिस लिनु पर्ने छ ।

(२). उपदफा (१) बमोजिमको सिफारिस लिदा बातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नाकारात्मक प्रभाव हरुको न्यूनिकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३). सिफारिसका लागि नगरपालिका आर्थिक ऐन तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्ने छ ।

**३५. राष्ट्रिय र प्रदेशिक आभियान्तालाई सघाउ पुर्याउनु पर्ने :**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारलेसंचालन गरेको अभियानलाई नगरपालिकाका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

**३६. अनुगमन र नियमन :**

आमा समुह, धामी झार्खी र स्वास्थ सेवा प्रदायकका अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखालाई अनुगमन र नियमन गर्ने ।

**३७. प्रगती प्रतिबेदन बुझाउनु पर्ने :**

नगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफनो प्रगती विवरण चौमासिक रुपमा नगरपालिकाका समक्ष बुझाउनु पर्ने छ ।

**३८. साझेदारी सम्बन्धमा :**

नगरपालिकाले आधारभूत .स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय निजी, व्यवसायी, सामाजिक, संध संस्था, ट्रष्ट र व्यक्तिहरु संग विभिन्न कार्यहरुका लागि साझेदारी गर्ने सक्ने छ । र तिनीहरुबाट अतिउपकरण विशेषज्ञ सीपहरुको साहायता प्राप्त गर्न सक्नेछ

**३९. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

**४०. संक्रमणकालिन व्यवस्था :**

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले गर्न सक्ने छ ।

**४१. बाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा नगर कार्यपालिकाले त्यस्तो वाधाँ अडकाउ फुकाउने आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ । तर यस्तो आदेश

जारी भएको मिति पछी बसेको पहिले नगर सभाले अनुमोदन नगरेमा स्वत : निष्कृय हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जेसुकै लेखे पनि यो ऐन संशोधन गने अधिकार नगर सभामा निहीत हुनेछ ।

**४२. खारेजी र बचाउ :**

(१). यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जती कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२). संविधान वा प्रचलित कानून संग बाझिएको खण्डमा यस ऐनको दफा तथा उपदफाहरुबाझिएको हद सम्म स्वत: खारेज हुनेछ ।

आज्ञाले

हिरालाल राना

नि. प्रमुख प्रशासकीय अधिकृत